# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, श्रावण ११ गते, २०८० साल (अतिरिक्ताङ्क ६

## भाग-१

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

### सूचना

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संम्वत् २०८० सालको ऐन नं. ०३

### कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना र सञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रदेश तथा स्थानीय तहका सरकारी निकाय र संस्थानका जनशक्तिको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि प्रशिक्षण, प्रशिक्षण सञ्चालन गर्ने संस्थाको नियमन र विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान

गर्न कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यकारी निर्देशक" भन्नाले दफा १३ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले दफा ६ बमोजिमको प्रशिक्षण परिषद् सम्झनु पर्छ।

(ग) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिमको कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(च) "समिति" भन्नाले दफा ९ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(छ) "सङ्गठित संस्था" भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा सङ्घीय कानून वा प्रदेश कानून बमोजिम स्थापित वा नेपाल सरकार वा प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय

सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ।

(ज) "संस्थान" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको सङ्गठित संस्था वा त्यस्तो संस्थाको स्वामित्व वा नियन्त्रण भएको अन्य संस्था सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

## परिच्छेद-२
## प्रतिष्ठानको स्थापना सम्बन्धी व्यवस्था

३. **प्रतिष्ठानको स्थापनाः** (१) प्रदेश तथा स्थानीय तहका सरकारी निकाय र संस्थानका जनशक्तिको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि प्रशिक्षण, प्रशिक्षण सञ्चालन गर्ने संस्थाको नियमन र विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्न कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएको छ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय वीरेन्द्रनगर नगरपालिका, सुर्खेतमा रहनेछ।

(३) प्रतिष्ठानले आवश्यकता अनुसार प्रदेशको अन्य स्थानमा तालिम केन्द्र स्थापना गर्न सक्नेछ।

४. **प्रतिष्ठान स्वशासित र सङ्गठित संस्था हुनेः** (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा अन्य कुनै किसिमले बन्दोबस्त गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि व्यक्ति सरह नालिस उजूर लाग्न सक्नेछ।

(५) प्रतिष्ठान क्रमशः स्वनिर्भर संस्थाका रूपमा सञ्चालन हुनेछ।

**५.** **<u>प्रतिष्ठानको काम, कर्तव्य र अधिकार</u>**ः प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनीत तथा नियुक्त पदाधिकारी र कर्मचारीको लागि प्रशिक्षण लगायतका क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,

(ख) प्रदेश र स्थानीय तह सञ्चालन, व्यवस्थापन, विकास एवम् सुशासन लगायतका विभिन्न विषयमा अध्ययन, अनुसन्धान र परामर्श सेवा प्रदान गर्ने वा गराउने,

(ग) प्रदेशका निकाय, संघीय निकाय, अन्य प्रदेश, स्थानीय तह, अन्य निकाय र सङ्गठित संस्थाको मागमा आधारित क्षमता विकास सम्बन्धी व्यावसायिक प्रशिक्षण र अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,

(घ) प्रतिष्ठानबाट सञ्चालन हुने तालिमको पाठ्यक्रम निर्धारण गर्ने, तालिमको गुणस्तर सुनिश्चितता गर्ने र तत्सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण गर्ने,

(ङ) प्रदेश तथा स्थानीय सेवाका कर्मचारी वा कर्णाली प्रदेशमा कार्यरत संघीय निजामती तथा अन्य सरकारी सेवाका कर्मचारीको सेवाप्रवेश तथा सेवाकालीन तालिम सञ्चालन गर्ने,

(च) प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने वा निजी क्षेत्र वा सामुदायिक संस्था वा सामाजिक संघ संस्था

आन्तरिक मामिला तथा कानून मन्त्रालय

र अन्य निकायबाट माग भई आएमा तालिम तथा क्षमता विकास कार्यक्रमका लागि प्रशिक्षण सञ्चालन गर्ने, विज्ञ व्यक्तिको सूची तयार गर्ने र एक्रिडिटेसन तथा सर्टिफिकेशन (प्रमाणीकरण) सम्बन्धी कार्य गर्ने,

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनका लागि "सामुदायिक संस्था वा सामाजिक संघ संस्था" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहमा प्रचलित कानून बमोजिम दर्ता भएका कानूनी मान्यता प्राप्त गैरसरकारी संघ संस्था वा सामाजिक वा सहकारी संस्था सम्झनु पर्छ।

(छ) विकास, सुशासन र समृद्धिका विविध पक्षमा नीति अनुसन्धान संस्थाको रूपमा कार्य गरी प्रदेश तथा स्थानीय तहलाई पृष्ठपोषण गर्ने र असल अभ्यासको अनुभव आदान प्रदान गर्ने वा गराउने,

(ज) विकास र सुशासन सम्बन्धमा विश्वविद्यालयका विद्यार्थीलाई इन्टर्नशीपको व्यवस्था गर्ने,

(झ) नेपाल सरकारको पूर्व स्वीकृति लिई प्रशिक्षण तथा अनुसन्धानका सम्बन्धमा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहकार्य गर्ने,

(ञ) निजी क्षेत्र, गैरसरकारी संस्था र अन्य संस्थाबाट त्यस्ता निकायका लागि आवश्यक जनशक्ति छनौटका लागि अनुरोध गरेमा सो सम्बन्धी कार्य गर्ने।

## परिच्छेद-३

## प्रशिक्षण परिषद् र कार्यकारी समितिको गठन, काम, कर्तव्य र अधिकार

६. **प्रशिक्षण परिषद्:** (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा देहाय बमोजिमको प्रशिक्षण परिषद् रहनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(ग) अध्यक्ष, प्रदेश लोक सेवा आयोग - सदस्य

(घ) उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग - सदस्य

(ङ) प्रदेश सरकारका सचिवहरू - सदस्य

(च) स्थानीय तहका प्रमुख वा अध्यक्षहरूमध्येबाट परिषद्ले तोकेको कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(छ) मध्यपश्चिम विश्वविद्यालयले तोकेको एक जना सहप्राध्यापक - सदस्य

(ज) कार्यकारी निर्देशक -सदस्य- सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम सदस्य तोक्दा जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाबाट एक-एक जना पर्ने गरी तोक्नु पर्नेछ।

(३) परिषद्ले आवश्यकता अनुसार बढीमा तीन जना सम्बन्धित विषयको विज्ञलाई परिषद्को बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) परिषद्को सदस्यले परिषद्को बैठकमा भाग लिए बापत प्रदेश सरकारबाट स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछ।

७. <u>**परिषद्को बैठकः**</u> (१) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ।

(४) परिषद्को बैठकको निर्णय परिषद्को अध्यक्षले प्रमाणित गर्नेछ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

८. **<u>परिषद्को काम, कर्तव्य र अधिकारः</u>** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको लागि आवश्यक नियमको मस्यौदा तर्जुमा गरी स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेश गर्ने,

(ग) प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ङ) प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगति समीक्षा एवम् मूल्याङ्कन गर्ने,

(च) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण कार्यक्रमको मापदण्ड स्वीकृत गर्ने,

(छ) समितिलाई आवश्यक निर्देशन दिने।

९. **<u>कार्यकारी समिति गठनः</u>** (१) प्रशिक्षण एवम् अनुसन्धान कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न देहाय बमोजिमको कार्यकारी समिति रहनेछः-

(क) कार्यकारी निर्देशक - संयोजक

(ख) प्रदेश सरकारका कृषि, स्वास्थ्य, वन, भौतिक पूर्वाधार र सूचना प्रविधि विषय हेर्ने मन्त्रालयका कम्तीमा नवौं तहको अधिकृत प्रतिनिधि - सदस्य

(ग) कम्तीमा नवौं तहको अधिकृत प्रतिनिधि, कर्णाली प्रदेश लोक सेवा आयोग - सदस्य

(घ) कम्तीमा नवौं तहको अधिकृत प्रतिनिधि, कर्णाली प्रदेश योजना आयोग - सदस्य

(ङ) कार्यकारी निर्देशकले तोकेको प्रतिष्ठानको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

एक जना अधिकृत कर्मचारी - सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा तीन जना सम्बन्धित विषयको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**१०. समितिको बैठकः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक समितिको संयोजकको निर्देशनमा समितिको सदस्य-सचिवले बोलाउनेछ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(४) समितिको बैठकको निर्णय समितिको संयोजकले प्रमाणित गर्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**११. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्का निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) प्रतिष्ठानको दीर्घकालीन योजना, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ग) प्रतिष्ठानको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने वा गराउने,

(घ) नीति तर्जुमा, प्रशिक्षण र अनुसन्धान सम्बन्धी विषयमा नीतिगत निर्णय गर्न परिषद्लाई सहयोग गर्ने,

(ङ) प्रशिक्षण तथा क्षमता विकास सम्बन्धी कार्यक्रमको पाठ्यक्रम, ढाँचा (मोडेल) र विज्ञको सूची तयार गरी स्वीकृत गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(च) प्रतिष्ठानबाट सञ्चालित प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने वा गराउने,

(छ) प्रशिक्षण सम्बन्धी कार्यका लागि सम्बद्ध निकायसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(ज) प्रशिक्षणलाई कार्यमूलक तथा व्यावहारिक बनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिको सेवा आदान प्रदान गर्ने व्यवस्था मिलाउने,

(झ) प्रतिष्ठानले व्यावसायिक प्रयोजनमा प्रयोग हुने भौतिक संरचना तथा व्यावसायिक रूपमा सञ्चालन हुने मागमा आधारित प्रशिक्षण तथा अध्ययन अनुसन्धान सम्बन्धी कार्यको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ञ) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही प्रशिक्षण सम्बन्धी अन्य आवश्यक कार्य गर्ने वा गराउने।

## परिच्छेद-४

## प्रतिष्ठानको कर्मचारी सम्बन्धी व्यवस्था

**१२. प्रतिष्ठानको कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले  उपलब्ध गराउनेछ।

(२) प्रतिष्ठानको दरबन्दी तथा संगठन संरचना प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) प्रतिष्ठानको कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा प्रदेश निजामती सेवा ऐन बमोजिम हुनेछ।

(४) प्रतिष्ठानको स्वीकृत दरबन्दी अनुसारको रिक्त पद प्रदेश लोक सेवा आयोगको सिफारिसमा पूर्ति गरिनेछ।

**१३. कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानको प्रशासनिक प्रमुखको रूपमा एक जना कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशकको नियुक्ति देहायको समितिको सिफारिसमा प्रदेश सरकारबाट हुनेछः-

(क) प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य - अध्यक्ष

(ख) सचिव, प्रशासन तथा बैठक व्यवस्थापन महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(३) उपदफा (२) बमोजिमको समितिको सचिवालयको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन तथा बैठक व्यवस्थापन महाशाखाले गर्नेछ।

(४) उपदफा (२) बमोजिमको समितिले कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना मार्फत कार्यकारी निर्देशकको पदपूर्तिको लागि दरखास्त आह्वान गर्नु पर्नेछ।

(५) दफा १४ बमोजिमको योग्यता र दफा १५ बमोजिमको छनौटका आधारमा उपदफा (२) बमोजिमको समितिले निर्धारण गरेको छनौट विधि र मापदण्ड बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारको नाम कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएका उम्मेदवारहरूमध्येबाट प्रदेश सरकारले एक जनालाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ।

(७) कार्यकारी निर्देशकको पद रिक्त भएको अवस्थामा प्रदेश सरकार वा अन्तर्गतको निकायमा कार्यरत कम्तीमा नवौं तह वा सो सरहको कर्मचारीलाई प्रदेश सरकारले कार्यकारी निर्देशकको रूपमा बढीमा छ महिनासम्मको लागि कामकाज गर्न खटाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(८) कार्यकारी निर्देशकको पदावधि चार वर्ष हुनेछ र निज एक पटकको लागि पुनः नियुक्ति हुन सक्नेछ।

(९) कार्यकारी निर्देशकको पदावधि समाप्त भएमा वा पदावधि समाप्त हुनु अगावै पैसठ्ठी वर्ष उमेर पुगेमा निज सो पदमा बहाल रहन सक्ने छैन।

(१०) कार्यकारी निर्देशक प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रशासकीय प्रमुख हुनेछ र निजको पारिश्रमिक तथा सेवा सुविधा प्रदेश सरकारको सचिवले पाए सरहको हुनेछ।

**१४.** **कार्यकारी निर्देशकको योग्यताः** कार्यकारी निर्देशकको पदमा नियुक्त हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा चालीस वर्ष उमेर पूरा भएको र पैसठ्ठी वर्ष उमेर ननाघेको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरी विश्वविद्यालयमा अध्यापन वा सार्वजनिक प्रशासन वा व्यवस्थापन वा कानून वा अनुसन्धानका क्षेत्रमा कम्तीमा आठ वर्ष काम गरेको अनुभव भएको वा नेपाल सरकार वा प्रदेश सरकारको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदबाट सेवा निवृत्त भई कम्तीमा एक वर्ष अन्य कुनै सार्वजनिक पद धारण नगरेको,

(घ) सार्वजनिक पदमा बहाल रहँदा महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएको कुनै बेरूजु बक्यौता बाँकी नभएको,

(ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको,

(च) प्रचलित कानून बमोजिम दामासाहीमा नपरेको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१५. **<u>कार्यकारी निर्देशक छनौट गर्ने आधारः</u>** दफा १३ को उपदफा (२) बमोजिमको समितिले कार्यकारी निर्देशक नियुक्तिका लागि सिफारिस गर्दा देहायका छनौटका आधारमा गर्नेछः-

(क) शैक्षिक योग्यता र अनुभव,

(ख) व्यावसायिक कार्ययोजना,

(ग) प्रस्तुतीकरण,

(घ) अन्तरवार्ता।

१६. **<u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>**ः कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद् तथा समितिको निर्णय एवम् निर्देशन कार्यान्वयन गर्ने वा गराउने,

(ख) प्रतिष्ठानको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट समिति मार्फत स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ग) परिषद्बाट स्वीकृत प्रतिष्ठानको दीर्घकालीन योजना र वार्षिक कार्यक्रमको कार्यान्वयन गर्ने वा गराउने,

(घ) प्रतिष्ठानको प्रगति विवरण समय समयमा समिति समक्ष प्रस्तुत गर्ने,

(ङ) प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने वा गराउने,

(च) प्रतिष्ठान सम्बन्धी अन्य कार्य गर्ने वा गराउने।

१७. **<u>कार्यसम्पादन सम्झौता</u>**ः (१) कार्यकारी निर्देशकले नियुक्ति भएपछि सूचक सहितको प्रतिष्ठानको व्यावसायिक योजना प्रदेश सरकारको प्रमुख सचिव समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरेको व्यावसायिक योजनाको आधारमा कार्यकारी निर्देशकले प्रदेश सरकारको प्रमुख सचिव समक्ष मन्त्रालयले निर्धारण गरेको ढाँचामा मापनयोग्य कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

(३) प्रदेश सरकारको प्रमुख सचिवले उपदफा (२) बमोजिमको कार्यसम्पादन सम्झौता अनुसार कार्यकारी निर्देशकबाट कार्यसम्पादन भए नभएको अर्धवार्षिक र वार्षिक रूपमा मूल्याङ्कन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको मूल्याङ्कनबाट कार्यकारी निर्देशकको कार्य प्रगति असी प्रतिशतभन्दा कम भएमा निजको कार्यसम्पादनस्तर सन्तोषजनक नभएको मानिनेछ।

१८. **कार्यकारी निर्देशकको पद रिक्त हुने अवस्था**ः (१) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) निजको पदावधि पूरा भएमा,

(घ) निजको कार्यसम्पादनस्तर सन्तोषजनक नभई प्रदेश सरकारले हटाएमा,

(ङ) निजले विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र लिन आवेदन दिएमा,

(च) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,

(छ) निजले फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा,

(ज) निजले खराब आचरण गरेमा वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेमा,

(झ) बदनियतपूर्वक काम कारबाही गरेको कारण प्रदेश सरकारद्वारा गठित छानबिन समितिको सिफारिसमा प्रदेश सरकारले पदमुक्त गरेमा।

(२) उपदफा (१) को खण्ड (घ), (ज) र (झ) बमोजिम पदमुक्त गर्नु पूर्व निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

## परिच्छेद-५
## कोष, अभिलेख र लेखापरीक्षण

**१९.** **प्रतिष्ठानको कोषः** (१) प्रतिष्ठानको आफ्नो कार्य सञ्चालनको लागि एउटा छुट्टै कोष हुनेछ।

(२) प्रतिष्ठानको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त हुने अनुदान रकम,

(ख) कुनै विदेशी सरकार र अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने रकम,

(ग) परामर्श सेवा, प्रशिक्षण एवम् अनुसन्धान वा अन्य कुनै व्यावसायिक कार्य गरे बापत प्राप्त हुने रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) प्रतिष्ठानको कोषको रकम वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) प्रतिष्ठानलाई जुन कार्यक्रम वा कामका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा कामको लागि खर्च गर्नु पर्नेछ।

(६) प्रतिष्ठानको कोषको खाता सञ्चालन कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(७) प्रतिष्ठानको आफ्नो उद्देश्य अनुरूपको कार्य गर्नको लागि चाहिने सबै खर्च प्रतिष्ठानको कोषबाट व्यहोरिनेछ।

**२०.** **अक्षयकोषको स्थापनाः** (१) प्रतिष्ठानले आफ्नो व्यावसायिक स्वःआर्जनबाट प्राप्त रकमलाई प्रतिष्ठानको दिगो आत्मनिर्भरताको लागि परिषद्को निर्णयानुसार नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको वाणिज्य बैंकमा खाता खोली एक अक्षयकोष स्थापना गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपदफा (१) बमोजिमको अक्षयकोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछः-

(क) प्रतिष्ठानले परामर्श सेवाबाट प्राप्त गरेको रकम,

(ख) प्रशिक्षण, अनुसन्धान वा अन्य कुनै व्यावसायिक कार्य गरे बापत प्राप्त हुने रकम।

(३) अक्षयकोषबाट प्राप्त आम्दानीको दश प्रतिशत रकम अक्षयकोषमा र नब्बे प्रतिशत रकम प्रतिष्ठानको कोषमा जम्मा गर्नु पर्नेछ।

(४) प्रतिष्ठानको अक्षयकोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था नियममा तोकिए बमोजिम हुनेछ।

२१. **लेखा र लेखापरीक्षणः** (१) प्रतिष्ठानको आम्दानी र खर्चको हिसाब महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिनेछ।

(२) प्रतिष्ठानको आम्दानी तथा खर्चको हिसाबको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

## परिच्छेद-६

## प्रशिक्षण पद्धति, प्रशिक्षण सामग्री र पाठ्यक्रम

२२. **प्रशिक्षण पद्धति निर्धारण गर्नेः** (१) प्रतिष्ठानले आफ्नो उद्देश्य प्राप्तिका लागि प्रशिक्षणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गर्न समय समयमा सर्वेक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको सर्वेक्षणको आधारमा प्रतिष्ठानले प्रशिक्षणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गरी स्वीकृतिका लागि परिषद्मा पेश गर्नेछ।

२३. **अन्य प्रशिक्षण कार्यक्रमको मूल्याङ्कनः** (१) प्रतिष्ठानले प्रदेश सरकार अन्तर्गतका अन्य निकायबाट सञ्चालित प्रशिक्षण कार्यक्रमको समय समयमा मूल्याङ्कन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको मूल्याङ्कनको आधारमा प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा आवश्यकता अनुसार संशोधन वा परिवर्तन गर्न परिषद् मार्फत प्रदेश सरकारलाई सुझाव दिन सक्नेछ।

**२४. प्रशिक्षण पद्धतिः** प्रशिक्षार्थीको समूह तथा विषयको प्रकृति हेरी उपयोगी एवम् प्रभावकारी आधुनिक प्रशिक्षण प्रविधि प्रशिक्षण कार्यक्रममा प्रयोग गर्नु पर्नेछ।

**२५. प्रशिक्षण सामग्रीः** प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमको लागि प्रदेशको आर्थिक, सामाजिक, साँस्कृतिक वा राजनैतिक परिवेशसँग मेलखाने र सैद्धान्तिक दृष्टिकोणबाट उपयोगी हुने प्रशिक्षण सामग्रीको व्यवस्था गर्नु पर्नेछ।

**२६. पाठ्यक्रमः** प्रशिक्षण कार्यक्रमलाई बढी फलदायी एवम् प्रभावकारी बनाउन सैद्धान्तिक एवम् व्यावहारिक पक्षमा जोड दिई पाठ्यक्रम बनाउनु पर्नेछ।

**२७. नियामक निकायः** (१) प्रतिष्ठानले प्रदेश वा स्थानीय तहमा स्थापना हुने तालिम प्रदायक संस्थाको नियामक निकायको रूपमा अनुगमन तथा निरीक्षण गर्न र त्यस्तो निकायको गुणस्तर सुधार गर्न आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित तालिम प्रदायक संस्थाको कर्तव्य हुनेछ।

## परिच्छेद-७
## विविध

**२८. प्रतिवेदन पेश गर्नु पर्नेः** (१) प्रतिष्ठानले आफूले सम्पादन गरेको काम कारबाही तथा आय व्ययको विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा सम्पादन गरेको काम, उपलब्धि, त्यस्ता कामको लागि गरेको खर्च, प्रतिष्ठानको कोष तथा स्रोत साधनको अवस्था, प्रशिक्षण सम्बन्धी समस्या र सोको समाधानका उपाय सहितको विवरण समेत उल्लेख गर्नु पर्नेछ।

२९. **अधिकार प्रत्यायोजनः** (१) यो ऐन बमोजिम परिषद्लाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रतिष्ठानको कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले ऐन नियम अन्तर्गत आफूले पाएको अधिकारमध्ये केही अधिकार प्रतिष्ठानको अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३०. **प्रदेश सरकारसँग सम्पर्कः** (१) प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत गर्नु पर्नेछ।

(२) प्रतिष्ठानले प्रदेश सरकारको स्वीकृति लिई आफ्नो कामसँग मेल खाने संघीय तथा अन्य प्रदेशका प्रशिक्षण सम्बन्धी निकायसँग आवश्यक सम्पर्क र समन्वय गर्न सक्नेछ।

३१. **स्वीकृति लिनु पर्नेः** प्रतिष्ठानले प्रदेश सरकारलाई आर्थिक व्ययभार पर्ने कुनै कार्य गर्नु पर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

३२. **यसै ऐन बमोजिम गरेको मानिनेः** यो ऐन प्रारम्भ हुनु अघि प्रदेश सुशासन केन्द्रको नाममा भए गरेका प्रशिक्षण लगायतका सम्पूर्ण काम कारबाहीहरू यसै ऐन बमोजिम गरेको मानिनेछ।

३३. **सम्पत्ति र दायित्व सर्नेः** प्रदेश सुशासन केन्द्रको सम्पूर्ण चल अचल सम्पत्ति र दायित्व प्रतिष्ठानमा सर्नेछ।

३४. **नियम बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि परिषद्को सिफारिसमा प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

**३५.** **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने:</u>** परिषद्ले प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

निर्णय भएको मितिः २०८०/०४/११

आज्ञाले,
ध्रुव घिमिरे
प्रदेश सरकारको सचिव

---

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय